# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०८२।८३
चलानी नम्बर :

मिति: २०८२।१२।१६

**विषय: गणक आवश्यकता सम्बन्धी सूचना ।**

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिब पहिचान तथा मापदण्ड शाखाको पत्र बमोजिम यस नगरपालिका भित्र रहेका गरिब परिवार पहिचान गरी गरिब घरपरिवार व्यवस्थापन सूचना प्रणाली (Poor Household Management Information System-PHMIS) मार्फत तथ्याङ्क संकलन तथा प्रविष्ट गर्ने कार्यको लागि गणकहरुको आवश्यकता परेको हुँदा तपसिल बमोजिमको योग्यता पुगेका र यस नगरपालिका भित्र स्थायी बसोबास भएका देहाय बमोजिमका इच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र अनलाईन दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र.सं. | विज्ञापन नं. पद | पद | माग संख्या | आवेदन दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१।०८२।८३ | गणक | ११ | २०० | |

**गणक पदको लागि न्यूनतम योग्यता:**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह उतीर्ण • कम्प्यूटर सफटवेयर चलाउन जान्ने • १८ वर्ष पूरा भएको • कुशल सञ्चार सीप भएको • बाणगङ्गा नगरपालिकाको स्थायी बासिन्दा रहेको • मोबाईलमा नेपाली युनिकोडमा टाइप गर्न सक्ने • आवेदन पेश गर्ने अन्तिम मिति सम्म उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**दरखास्त फारम साथ पेश गर्नुपर्ने कागजातहरु:**

- शैक्षिक योग्यता प्रमाणपत्र प्रतिलिपी र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो (२ प्रति),
- कार्य अनुभव पत्रको प्रतिलिपी,
- दरखास्त दस्तुर तिरेको रसिद,
- स्थायी बसोबास नखुलेको हकमा बसाईसराई गरी आएको प्रमाणपत्र प्रतिलिपि,
- सम्बन्धित वडा कार्यालयमा आवेदन दस्तुर तिरेको रसिद,

**अनलाईन फारम भर्नको लागि QR स्क्यान गर्नुहोला:**

**परीक्षाको किसिम:** प्रारम्भिक सूची र अन्तर्वार्ता  **अन्तर्वार्ता मिति:** पछि प्रकाशन गरिनेछ

दरखास्त दिने अन्तिम **मिति:** २०८२ चैत्र २३ गते कार्यालय समय भित्र

**कार्य विवरण र सेवा सुविधा:**

- दैनिक न्यूनतम २० घरको तथ्याङ्क संकलन गर्नुपर्ने साथै गणकलाई पालिकाको जुनसुकै वडाको चौकिल्ला तोकी जिम्मेवारी प्रदान गर्न सक्नेछ,
- तथ्याङ्क संकलनमा खटिने गणकहरुलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा जारी गरिएको **"गरिब परिवार पहिचान गर्ने परिवारको तथ्याङ्क सङ्कलन सम्बन्धी मार्गदर्शन"** मा उल्लेख भए अनुसारको सेवा सुविधा उपलब्ध गराइनेछ ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

**थप जानकारीको लागि:**

सम्पर्क नं. ९८४७४०४४००

दीपक थापा (सहायक कम्प्युटर अधिकृत)

| | |
|---|---|
| | **(घ) तथ्याङ्क संकलनः** तथ्याङ्क सङ्कलन मोबाइल फोन मार्फत गरिब घरपरिवार व्यवस्थापन सूचना प्रणाली (Poor Household Management Information System-PHMIS) मा गरिनेछ। स्थानीय तहले गणक तालिम पश्चात गणकसँग अनुसूची-१ बमोजिम सम्झौता गरी तथ्याङ्क संकलन गर्नुपर्ने क्षेत्र (चारकिल्ला सहित) तोकि सङ्कलन कार्यको जिम्मेवारी दिनुपर्नेछ। |
| बजेट बाँडफाँट र खर्च सम्बन्धी व्यवस्था | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त बजेट/अख्तियारीको सीमाभित्र रहि देहायबमोजिमका शिर्षकमा स्थानीय तहले खर्च गर्नुपर्ने व्यवस्था गर्नुपर्नेछ। प्राप्त रकम चालु आ. ब. २०८२/०८३ को अन्त्यमा खर्च नभई बचत रहेमा नेपाल सरकारको सञ्चितकोषमा फिर्ता गर्नुपर्नेछ। कार्यक्रम सञ्चालन गर्न मन्त्रालयबाट प्राप्त रकम अपुग भएमा स्थानीय तहले बजेट साझेदारीमार्फत खर्च व्यवस्थापन गर्न सक्नेछ। यसरी रकम खर्च गर्दा स्थानीय तहको स्वीकृत मापदण्ड अनुसार गर्नुपर्नेछ।<br>**क) बजेट बाँडफाँट**<br>**१. गणक तालिम** अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०८१ को अनुसार अख्तियारी प्राप्त रकमको परिधिमा रहि गणक तालिम सञ्चालन गर्नु पर्नेछ ।<br>**२, तथ्याङ्क सङ्कलन बापतको पारिश्रमिकः** गणकलाई तथ्याङ्क संकलन वापत हिमालमा प्रति परिवार रू ८५ पहाडमा प्रति परिवार रु ७५ र तराईमा प्रति परिवार रु ५५ का दर ले नियमानुसार कर कट्टी गरि पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।<br>**३. यातायात तथा खाजा खर्चः** गणकलाई २ महिनासम्मको लागी यातायात तथा खाजा खर्च वापत प्रतिदिन ( तथ्याङ्क सङ्कलन भएको दिनको ) रू.२०० उपलब्ध गराउनु पर्नेछ।<br>**४. सञ्चारः** गणकलाई सञ्चार वापत एकमुष्ट रु ७०० उपलब्ध गराउनु पर्नेछ। |